# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
# United Ajod Insurance Limited

United by Trust

(साबिकका **यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि.** र **अजोड इन्स्योरेन्स लिमिटेड** एक आपसमा गाभिएर बनेको बीमक)

सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, काठमाडौं, नेपाल

फोन: ०१-५३३३७४३, ५३४३३०३, ५३४४०१३, ५३४३०७३, टोल फ्रि नं.: १६६०-०१८६४९६

E-mail: info@unitedajodinsurance.com, Web: www.unitedajodinsurance.com


# सम्पत्ति बीमालेख

यस बीमालेखको तालिकामा उल्लेख भएको सम्पत्तिको क्षति बिरूद्ध बीमा गर्नको लागि बीमितले पूरा बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा **यूनाइटेड अजोड इन्स्योरेन्स लि.** ले यो बीमालेख जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भः**

(क) यस बीमालेखको नाम '**सम्पत्ति बीमालेख**' रहेको छ ।

(ख) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) '**अधिक**' भन्नाले बीमकले दाबी मूल्याङ्कन रकमबाट अनिवार्य रूपमा घटाउने रकम सम्झनु पर्छ ।

(ख) '**अपवाद**' भन्नाले बीमालेखले रक्षावरण नगर्ने जोखिम वा बीमालेखले क्षति प्रदान नगर्ने वा नसमेट्ने अवस्था सम्झनु पर्छ ।

(ग) '**आगलागी**'भन्नाले दुर्घटनावस ज्वाला प्रस्फुटित भई उत्पन्न भएको आगो वा अग्नि सम्झनु पर्छ ।
तर, कुनै प्रयोजनको लागि बालिएको र आफ्नै सीमाभित्र रहेको आगोलाई यस बीमालेखको प्रयोजनको लागि आगो वा अग्नि मानिने छैन ।

(घ) '**आनुसाङ्गिक क्षति**' भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष (कन्सिक्वेन्सियल) वा एउटा घटनाको परिणामस्वरूप हुने अप्रत्यक्ष क्षति सम्झनु पर्छ ।

(ङ) '**औसत शर्त**' भन्नाले बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति हुँदा उक्त सम्पत्तिको बजार मूल्यभन्दा बीमाङ्क घटी भएको अवस्थामा बीमकले समानुपातिक रूपमा भुक्तानी गर्ने क्षतिपूर्ति रकम सम्झनु पर्छ । त्यस्तो रकम देहाय अनुसार गणना गरिनेछ:

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ति} = \frac{\text{क्षति भएको सम्पत्तिको बीमाङ्क x वास्तविक क्षति}}{\text{क्षति भएको सम्पत्तिको बजार मूल्य}}$$

(च) '**घोषित बीमालेख**' भन्नाले बीमितले प्रत्येक महिनामा एकपटक आफूसंग भएको मौज्दातको मूल्यको घोषणा गरी बीमकलाई जानकारी गराउने गरी मौज्दात (स्टक) संग सम्बन्धित बीमालेख सम्झनु पर्छ, जसमा घोषणा गरिएको मूल्यको आधारमा बीमाङ्क परिवर्तन भए अनुसार बीमाशुल्क समायोजन गर्ने सम्झनु पर्छ ।

(छ) '**चट्याङ्ग**' भन्नाले चट्याङ्ग परेर वा बिजुली चम्किएर भएको आगलागी, भौतिक क्षति वा उच्च भोल्टेजको विद्युत प्रबाह सम्झनु पर्छ ।

(ज) '**जोखिम**' भन्नाले कुनै घटना घट्ने वा नघट्ने अनिश्चित अवस्था सम्झनु पर्छ ।

(झ) '**तालिका**' भन्नाले बीमा गरिएको सम्पत्ति, बीमाङ्क, बीमाशुल्क लगायत बीमालेख जारी गर्न आवश्यक पर्ने विवरणहरू उल्लेख भएको बीमालेखको अङ्गको रूपमा रहने तालिका सम्झनु पर्छ ।

(ञ) '**दाबी**' भन्नाले बीमा गरिएको सम्पत्तिको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ ।

(ट) '**धक्काको असर (इम्प्याक्ट)**' भन्नाले जनावर, सवारी साधन, रेल, कुनै चलायमान वा स्थिर वस्तु वा अन्य कुनै पनि यान्त्रिक बस्तुको ठक्कर वा धक्काबाट सम्पत्तिको भित्री वा बाहिरी भागमा पर्ने असर सम्झनु पर्छ ।

(ठ) '**निर्देशन**' भन्नाले सम्पत्ति बीमा सम्बन्धी निर्देशन, २०८० सम्झनु पर्छ ।

(ड) '**फ्लोटिङ बीमालेख**' भन्नाले एकभन्दा बढी स्थानमा बीमा गरिएको सम्पत्ति वा मौज्दातको रक्षावरण गर्न एउटै बीमालेखमा एकमुष्ट बीमाङ्क रकम राखी जारी गरिने बीमालेख सम्झनु पर्छ ।

(ढ) '**बस्तुगत तथ्य**' भन्नाले बीमा गरिएको सम्पत्तिको जोखिम बढाउन वा घटाउन सक्ने महत्वपूर्ण तथ्य सम्झनु पर्छ ।

(ण) '**बीमक**' भन्नाले यो बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ ।

(त) '**बीमा करार**' भन्नाले प्रस्ताव फाराम, बीमालेख, तालिका, सम्पुष्टि, बीमालेखको संशोधन तालिका, बीमाशुल्क भुक्तानी रसिद तथा बीमालेखसंग सम्बन्धित अन्य कागजातहरू सहित बीमक तथा बीमित बीच भएको द्विपक्षीय करार सम्झनु पर्छ ।

(थ) '**बीमा गरिएको सम्पत्ति**' भन्नाले तालिकामा उल्लेख भए अनुसार यस बीमालेखद्वारा रक्षावरण गरिएको वा बीमा गरिएको वा बीमा गरिने बीमितको बीमायोग्य हित रहेको सम्पत्ति सम्झनु पर्छ ।

(द) '**बीमाङ्क**' भन्नाले क्षति बापत बीमकले प्रदान गर्ने तालिकामा उल्लेख गरिए अनुसारको कुल बीमा रकम सम्झनु पर्छ ।

(ध) '**बीमालेख**' भन्नाले बीमक र बीमित बीचको बीमा सम्बन्धी करार सम्झनु पर्छ ।

(न) '**बीमाशुल्क**' भन्नाले सम्पत्तिको बीमा गरे बापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ ।

(प) '**बीमित**' भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था वा बीमालेख धारक सम्झनु पर्छ ।

(फ) '**भूकम्प**' भन्नाले भूईंचालोको कारणले हुने आगलागी वा अन्य क्षतिजन्य घटना सम्झनु पर्छ ।

(ब) **'मूलभूत विवरण'** भन्नाले बीमा गरिएको सम्पत्तिमा रहेको जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमाशुल्क निर्धारण गर्न र बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा सघाउ पुऱ्याउन आवश्यक पर्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ ।

(भ) **'रक्षावरण'** भन्नाले बीमा गरिएको सम्पत्तिको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(म) **'विस्फोटन'** भन्नाले कुनै यन्त्र वा उपकरणको आन्तरिक वा बाह्य विस्फोटन वा अन्य कुनै प्रकारले भएको विस्फोटन सम्झनु पर्छ ।

(य) **'समानुपातिक दर'** भन्नाले एक वर्षको लागि लाग्ने बीमादरको अनुपातमा तोकिएको निश्चित अवधिका लागि लाग्ने बीमादर सम्झनु पर्छ ।

(र) **'क्षति'** भन्नाले कुनै घटना भई हुने क्षति हुनु, हानि-नोक्सानी हुनु, बिग्रनु वा नाश हुनु भन्ने सम्झनु पर्छ ।

(ल) **'क्षतिपूर्ति'** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दाबी बापतको रकम सम्झनु पर्छ ।

(व) **'प्राधिकरण'** भन्नाले बीमा ऐन, २०७९ दफा ३ बमोजिमको नेपाल बीमा प्राधिकरण सम्झिनु पर्छ ।

## परिच्छेद-२

## रक्षावरण

३. **रक्षावरणः** देहायका कारणबाट भएको बीमा गरिएको सम्पत्तिको प्रत्यक्ष भौतिक क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ:

**(क) अग्निजन्य क्षतिः**

(अ) आगलागी वा अग्निको कारणले भएको क्षति

(आ) आगलागी भई आगो निभाउने क्रममा भएको क्षति

**(ख) हावाजन्य क्षतिः**

(अ) हावा, हूरी वतास, आँधीवेहरी वा तूफानको कारणले भएको क्षति

(आ) चक्रवात वा भूमरीको कारणले भएको क्षति

(इ) कुनै प्रकारको वायुमण्डलीय उथलपुथल

**(ग) पानीजन्य क्षतिः**

(अ) असिना, हिउँ वा हिमआँधीको कारणले भएको क्षति

(आ) बाढी, जलमग्न, डुबानको कारणले भएको क्षति

(इ) पाइप, बाँध, पोखरी, स्प्रिङ्कल, ढल वा पानीको निकास बन्द भएर वा त्यसबाट ओभरफ्लो भएर, चुहिएर वा फुटेर भएको क्षति ।

**(घ) भूमिजन्य क्षतिः**

(अ) भूईंचालोको कारणले भएको क्षति ।

(आ) कुनै विस्फोटन भई जमिन हल्लिएको कारणले भएको क्षति ।

**(ङ) खस्ने वा भासिने सम्बन्धी क्षतिः**

(अ) पहिरो वा भूस्खलनको कारणले भएको क्षति ।

(आ) ढुङ्गा खस्ने कारणले भएको क्षति ।

(इ) हिलो वा लेदो बग्ने कारणले भएको क्षति ।

(ई) जमिन, ढिस्को, माटो, ढुङ्गा, बालुवा, रोडा, ईंटा खस्ने वा भासिने कारणले भएको क्षति ।

(उ) किनार, बाटो, सडक खस्ने वा भासिने कारणले भएको क्षति ।

**(च) चट्याङ्गजन्य क्षतिः**

(अ) चट्याङ्गको कारणले भएको क्षति ।

**(छ) विस्फोटनजन्य क्षतिः**

(अ) विस्फोटन (एक्स्प्लोजन) को कारणले भएको क्षति ।

(आ) अन्तर्फुटन (इम्प्लोजन) को कारणले भएको क्षति ।

**(ज) आकाशीय सामग्रीजन्य क्षतिः**

(अ) हवाई यान, रकेट, आकाशमा उड्ने वस्तुको कारणले भएको क्षति ।

(आ) आकाशीय पिण्ड, अपरिचित बस्तु (अनआइडेन्टिफाइड अब्जेक्सट) को कारणले भएको क्षति ।

(इ) आकाशको माध्यमबाट अकस्मात आउने कुनै पनि यन्त्र, उपकरण वा बस्तुको कारणले भएको क्षति ।

(ई) उड्ने वस्तुको उच्च आवाजको कारणले भएको क्षति ।

**(झ) धक्का दिएर, छोएर, लडेर वा लागेर हुने क्षतिः**

(अ) सवारी साधन, रेल, जनावर वा अन्य चलायमान बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति ।

(आ) रूख, विरूवा, खम्बा, तार, सामान, यन्त्र उपकरण वा अन्य वाह्य बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति ।

(इ) अन्य घर वा भौतिक संरचनाले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति ।

**(ञ) स्वःजलनः**

(अ) स्व:जलन, आन्तरिक जलन वा आफैं बलेको कारणले भएको क्षति ।

**(ट) हूलदङ्गा तथा आतङ्कवादजन्य क्षतिः**

(अ) हूलदङ्गाको कारणले भएको क्षति ।

(आ) हड्तालका कारणले भएको क्षति ।

(इ) रीसइवीपूर्ण कार्यको कारणले भएको क्षति ।

(ई) आतङ्ककारी तथा विध्वंशात्मक क्रियाकलापका कारणले भएको क्षति ।

(उ) प्रतिघात (स्यावोटेज) का कारणले भएको क्षति

**(ठ) अन्य क्षतिः**

(अ) मिसाइल टेस्टिङ्ग अपरेशनका कारणले भएको क्षति ।

४. **अतिरिक्त सुबिधाः** बीमा गरिएको सम्पत्ति क्षति भएको खण्डमा बीमकले बीमितलाई देहाय बमोजिमको अतिरिक्त सुबिधा प्रदान गर्नेछः

(क) **आर्किटेक्ट, इन्जिनीयर वा सर्भेयरको शुल्कः** आर्किटेक्ट, इन्जिनीयर वा सर्भेयरको (फि) शुल्क दाबी मूल्याङ्कन रकमको बढीमा तीन प्रतिशतमा नबढ्ने गरी बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ ।

(ख) **भग्नावशेष विस्थापनः** क्षतिग्रस्त सम्पत्तिको भग्नावशेष हटाउन वा विस्थापन गर्नका लागि लाग्ने खर्च दश लाख रूपैयाँ वा दाबी मूल्याङ्कन रकमको दश प्रतिशतमध्ये जुन कम हुन्छ सोही बराबरको रकम बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ ।

## परिच्छेद-३

## अपबाद

५. **अपबादः** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका जोखिमको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नेछैनः

(क) **आनुसाङ्गिक क्षतिः** कुनै कारणबाट भएको क्षतिको परिणामस्वरूप सिर्जना भएको देहाय बमोजिमको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(अ) आम्दानी वा नाफामा भएको कमी वा क्षति

(आ) ढिलाइको कारणले भएको क्षति

(इ) ख्याति वा लोकप्रियतामा भएको ऱ्हास वा क्षति

(ई) उत्पादन प्रणालीमा आएको अवरोधको कारणले भएको क्षति

(उ) बजारको कारणले भएको क्षति

(ख) **यन्त्र उपकरणको टुटफुटः** यन्त्र उपरकणको टुटफुट भएको कारणबाट हुने उक्त यन्त्र उपकरणको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन । तर, सो कारणबाट भएको अन्य सम्पत्ति (उक्त टुटफुट भएको यन्त्र उपकरण बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ ।

(ग) **विद्युतीय उपकरणः** चट्याङ्ग तथा अन्य कारणले उत्पन्न भएको उच्च विद्युतीय भोल्टेजको कारणले विद्युतीय तथा इलेक्ट्रोनिक उपकरणमा भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

तर, सिधै चट्याङ्ग लागि विद्युतीय वा इलेक्ट्रोनिक उपकरणको क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ ।

(घ) **कोल्ड स्टोरेजमा तापक्रममा भएको परिवर्तनः** तापक्रममा आएको परिवर्तनको कारणले कोल्ड स्टोरेजमा राखिएको मौज्दातमा भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैन ।

तर, सो मौज्दातमा भएको क्षतिको कारणबाट भएको अन्य सम्पत्ति (मौज्दात बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ ।

(ङ) **ब्वाइलर वा उच्च चापमा चल्ने यन्त्रको विस्फोटनः** उद्योगमा जडान गरिएको ब्वाइलरको विस्फोटनको कारणबाट हुने ब्वाइलरको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

तर, सो कारणबाट भएको अन्य सम्पत्ति (उक्त विस्फोटन भएको ब्वाइलर वा चापमा चल्ने यन्त्र बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ ।

(च) **कम्प्यूटरमा भएको सूचना तथा तथ्याङ्कः** कम्प्यूटरमा भएका सूचना तथा तथ्याङ्क (डाटा) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(छ) **कानूनद्वारा अधिकार प्राप्त निकायबाट गरिएको क्षतिः** कानूनद्वारा अधिकार प्राप्त निकायबाट जुनसुकै कारणले भत्काई वा आगो लगाई वा पानी प्रयोग गरी वा अन्य कुनै तरिकाले गरिएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(ज) **विकीरणयुक्त पदार्थ तथा आणविक, रासायनिक तथा जैविक हतियारः**

(१) विकीरणयुक्त पदार्थ वा विकीरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(२) आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(झ) **युद्ध वा युद्ध सरहको अवस्थाः** सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा सो सरहको अवस्थामा भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

(ञ) **तेस्रो पक्षको क्षतिः** बीमितको सम्पत्तिबाट सिर्जित हुने तेस्रो पक्षप्रतिको दायित्वको लागि बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

(ट) **अन्य क्षतिः** देहायको कारणले भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैनः

(अ) वस्तुको प्रकृतिको परिवर्तन भएर भएको क्षति

(आ) प्रदूषण वा अन्य वस्तुको संसर्ग (कन्टामिनेशन) बाट भएको क्षति

(इ) सुकाउने वा तताउने क्रममा भएको क्षति

## परिच्छेद-४

## शर्तहरू

६. **प्रस्ताव र स्वीकृतिः**

(१) बीमालेख जारी गर्नु अघि बीमितले प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी हुने छैन ।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना बीमितलाई दिनु पर्नेछ ।

७. **बीमाशुल्क गणनाः** बीमाशुल्क गणना गर्दा सम्पत्ति बीमा निर्देशन, २०८० अनुसार गरिनेछ ।

८. **बीमाशुल्क भुक्तानीः**

(१) बीमकको तर्फबाट सहीछाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तानी भएको मानिने छैन ।

(२) बीमाशुल्क भुक्तानी नभएसम्म बीमालेख जारी गरिने छैन ।

९. **व्याख्याः**

(१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, तालिका, सम्पुष्टि, बीमा संशोधन तालिका तथा बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ट सम्पत्ति बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन ।

(२) यस बीमालेखमा प्रयोग गरिएका विशेष शब्द तथा बाक्यहरू जहाँ जुन आशयका साथ प्रयोग गरिएको छ, सोही अनुरूपकै अर्थ लगाउनु पर्नेछ ।

(३) यस बीमालेखमा प्रयोग भएका मुख्य तथा बीमासंग सम्बन्धित प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **झुठ्ठा विवरण (मिस्डिक्रिप्सन)**: देहायको अवस्थामा बीमितले झुठ्ठा विवरण दिएको मानिनेछ:

(क) बीमा गरिएको सम्पत्ति रहेको भवन वा स्थानको बारेमा बीमितले आफूलाई जानकारी भएको विषयमा मूलभूत विवरण दिंदा झुठ्ठा विवरण दिएमा, वा

(ख) जोखिम विश्लेषण गर्न आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा, वा

(ग) वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य (म्याटेरियल फ्याक्ट) उल्लेख नगरेमा ।

११. **भुक्तानी दिन बाध्य नहुने**: देहायको अवस्थामा बीमकले दाबी बापतको रकम भुक्तानी गर्न बाध्य हुने छैन:

(क) दफा नं. १० बमोजिम झुठ्ठा विवरण दिएमा, वा

(ख) दफा नं. १७ बमोजिम बीमकबाट लिखित समर्थन नजनाएमा, वा

तर, बीमा दाबी भुक्तानी दिन अस्वीकार गर्न' अघि बीमकले उल्लिखित तथ्यहरू प्रमाणित गर्न' पर्नेछ ।

१२. **क्षतिपूर्ति नपाउने**: देहायको कुनै अवस्था उत्पन्न भएमा बीमितले यस बीमालेख अन्तर्गत दाबी बापतको क्षतिपूर्ति पाउने छैन:

(क) दाबी जालसाजीपूर्ण भएमा, वा

(ख) दाबीको सिलिसिलामा बीमित वा निजको तर्फबाट कार्य गर्ने व्यक्तिले झुठ्ठा बयान दिई कुनै अनुचित लाभ उठाउन खोजेमा, वा

(ग) दाबी सम्बन्धी विवाद उत्पन्न भएको छ (६) महिनाभित्र नेपाल बीमा प्राधिकरण समक्ष उजुरी नगरेमा, वा

(घ) बीमा ऐन, २०७९ बमोजिम नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा फैसला गरेको पैंतीस (३५) दिनभित्र उच्च अदालतमा उजुरी नगरेमा

तर, दाबी भुक्तानी रकम दिन अस्वीकार गर्नु अघि बीमकले उल्लिखित तथ्यहरू प्रमाणित गर्नु पर्नेछ ।

१३. **खारेजी**:

(१) देहायको अवस्थामा बीमालेख स्वत: खारेज हुनेछ:

(क) प्रस्ताव फाराम नभरेमा

(ख) बीमाशुल्क बापतको जम्मा गरेको पूरा रकम बीमकको बैंक खातामा प्राप्त नभई बीमालेख जारी गरेको भएमा,

(ग) आफ्नो हकहितमा नरहेको सम्पत्तिको बीमा गराएमा,

(घ) तीस दिनभन्दा लामो अवधिको बैंक जमातनमा बीमालेख जारी गराएमा,

(ङ) बीमालेखमा उल्लेख गरिएको स्थानबाट बीमा गरिएको सबै सम्पत्ति यसै बीमालेख अन्तर्गत रक्षावरण भएको स्थान बाहेक अन्यत्र विस्थापन भएमा वा अन्यत्र सारिएमा,

(च) स्वामित्व हस्तान्तरण भएको साठी (६०) दिनभित्र सम्पत्तिको स्वामित्व प्राप्त गर्ने व्यक्तिको नाममा बीमालेख नामसारी नभएमा ।

(२) बीमकले देहायको अवस्थामा बीमालेख खारेज गर्न सक्नेछ:

(क) बीमितले बीमालेख खारेज गर्न अनुरोध गरेमा,

(ख) नेपाल बीमा प्राधिकरणले कारण सहित बीमालेख खारेज गर्न निर्देशन दिएमा,

(ग) बीमितले गैरकानूनी सम्पत्तिको बीमा गराएको प्रमाणित भएमा,

(३) बीमितको अनुरोधमा बीमालेख खारेज गर्नु परेको अवस्थामा बीमितलाई बहाल रहेको अवधिको लागि देहाय बमोजिमको छोटो अवधिको बीमादर अनुसार बीमाशुल्क लिई बाँकी बीमाशुल्क फिर्ता गर्न' पर्नेछ:

| क्र.सं. | अवधि | बीमाशुल्क |
|---|---|---|
| १ | एक महिनासम्मको लागि | बार्षिक बीमाशुल्कको १५ प्रतिशत |
| २ | तीन महिनासम्मको लागि | बार्षिक बीमाशुल्कको ४० प्रतिशत |
| ३ | छ महिनासम्मको लागि | बार्षिक बीमाशुल्कको ७० प्रतिशत |
| ४ | नौ महिनासम्मको लागि | बार्षिक बीमाशुल्कको ८५ प्रतिशत |
| ५ | नौ महिनाभन्दा बढी अवधिको लागि | बार्षिक बीमाशुल्क |

तर, बीमालेख खारेज हुनु अघि दाबी परिसकेको रहेछ भने बीमाशुल्क फिर्ता हुने छैन ।

(४) यस दफा बमोजिम बीमकले आफैंले बीमालेख खारेज गर्नु परेको खण्डमा बीमितलाई पन्ध्र (१५) दिनको पूर्व जानकारी दिनु पर्नेछ र बाँकी बीमा अवधिको लागि समानुपातिक दरमा बीमाशुल्क फिर्ता गर्नु पर्नेछ ।

१४. **योगदान**:

(१) यस बीमालेखबाट बीमा गरिएको सम्पत्ति वा सम्पत्तिको कुनै अंश अर्को कुनै पनि अन्य बीमालेख मार्फत बीमा गर्न पाइने छैन ।

(२) कुनै कारणवस बीमा गरिएको सम्पत्ति अन्य बीमा कम्पनीमा समेत बीमा भएको रहेछ र त्यस्तो सम्पत्ति वा सम्पत्तिको केही अंशको दाबी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ ।

(३) बीमा गरिएको सम्पत्ति वा सम्पत्तिको केही अंशको क्षतिपूर्ति सामुद्रिक बीमालेखबाट समेत प्राप्त हुने रहेछ भने सामुद्रिक बीमालेखबाट क्षतिपूर्ति प्राप्त भए पश्चात बाँकी रकम मात्र यस बीमालेख अन्तर्गत प्रदान गरिनेछ ।

१५. **प्रत्यासन**:

(१) बीमा गरिएको सम्पत्तिको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारबाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य बीमित आफैंले गर्नु पर्ने भए आफैंले गर्नु पर्नेछ वा बीमकले गर्न मिल्ने भएमा बीमकलाई लिखित अनुमति दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको कार्यको खर्च बीमकको हुनेछ ।

१६. **न्यून बीमाः**

(१) बीमा गरिएको सम्पत्तिको क्षति भएको बेलामा मूल्याङ्कन गर्दा क्षति भएको सम्पत्तिको बजार मूल्यको तुलनामा बीमाङ्क रकम ८५ (पचासी) प्रतिशतभन्दा कम हुन आएमा बीमकले न्यून बीमा अन्तर्गत भुक्तानी गर्ने दाबीको सूत्र (औषत शर्त) अनुसार गणना गरी हुन आउने रकम भुक्तानी गर्नेछ ।

(२) बीमा गरिएको सम्पत्ति एकभन्दा बढी संख्यामा रहेछ भने प्रत्येक सम्पत्तिको लागि यो प्रावधान छुट्टाछुट्टै लागू हुनेछ ।

(३) देहायको अवस्थामा औषत शर्त लागू हुने छैन:-

(क) बीमाङ्कको दश प्रतिशत वा दश लाख रुपैयाँमध्ये जुन कम हुन्छ सो बराबरको क्षति हुन आएमा,

(ख) पूर्ण क्षति भएको अवस्थामा ।

१७. **परिवर्तन तथा परित्यागः** देहायको कुनै घटना घट्नु वा क्षति हुनु अगावै बीमकको तर्फबाट निम्न लिखित समर्थन गराउनु पर्नेछः

(क) व्यापार तथा उत्पादन प्रक्रियामा परिवर्तन भएमा, वा

(ख) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवनको प्रयोगमा परिवर्तन भएको कारणले जोखिममा उल्लेख्य बृद्धि भएमा, वा

(ग) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवन साठी (६०) दिनभन्दा लामो समयसम्म मानिस नबसी खाली रहेमा ।

१८. **स्वामित्व परिवर्तनः**

(१) प्रचलित कानून बमोजिम उत्तराधिकारीमा सरेकोमा बाहेक बीमितबाट अन्य व्यक्ति वा संस्थामा बीमा गरिएको सम्पत्तिको स्वामित्व हस्तान्तरण भएमा तीस (३०) दिनभित्र बीमितले बीमालेख नामसारी गरिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वामित्व परिवर्तन गर्नका लागि बीमितले निवेदन दिएमा तत्काल कुनै शुल्क नलिई बीमकले बीमालेख नामसारी गरिदिनु पर्नेछ ।

१९. **दाबीः**

(१) बीमकले बीमाङ्क रकमभन्दा बढी हुने गरी दाबी भुक्तानी गर्ने छैन ।

(२) यस बीमालेखको अपवादमा उल्लेख गरिए बाहेकको कुनै घटना घटी बीमा गरिएको सम्पत्तिको क्षति भएमा बीमितले तत्काल देहायका कुराहरू गर्नु पर्नेछः

(क) बीमा गरिएको सम्पत्तिको क्षति न्यूनीकरणको लागि प्रयास गर्ने,

(ख) आगलागी, हूलदङ्गा तथा आतङ्कवाद जोखिम समूह वा आपराधिक कारणबाट क्षति भएमा वा त्यसरी क्षति भएको हो भनी शंका लागेमा प्रहरी कार्यालयमा खबर गर्ने

(३) उपदफा (२) बीमकलाई जानकारी दिएको पैंतीस (३५) दिन वा बीमकले थप म्याद दिएकोमा उक्त अवधिभित्र बीमितले बीमकलाई देहायका विवरण उपलब्ध गराउनु पर्नेछः

(क) दाबी उत्पन्न हुने वा क्षति गराउने घटनाको उत्पत्ति, कारण तथा घटना घट्दाको परिस्थितिको विवरण,

(ख) क्षति परेको सम्पत्तिको क्षति हुँदाको मूल्य (कुनै नाफा समावेश नगरिएको मूल्य) को आधारमा तयार पारिएको दाबी रकम सहितको विस्तृत विवरण,

(ग) दाबीको सत्यता जाहेर गर्ने कागजात, दाबीको सम्बन्धमा बीमकलाई आवश्यक पर्ने बयान, योजना, नापनक्सा, बहिखाता, भौचर, प्रतिलिपि, बीजक, अन्य कागजपत्र जस्ता प्रमाण,

(घ) बीमा गरिएको सम्पत्तिको अन्य बीमा कम्पनीमा समेत बीमा गरिएको भए सोको विवरण ।

(४) बीमकले बीमा गरिएको सम्पत्तिको क्षति भएको जानकारी प्राप्त गरेमा उक्त बीमितसंग सम्पर्क गरी दाबी प्रक्रियामा निजलाई सहयोग गर्नेछ ।

(५) एउटै बीमा अवधिमा जतिसुकै पटक पनि दाबी गर्न सकिनेछ र धेरैपटक दाबी गरेकै कारणले बीमकले दाबी अस्वीकार गर्ने छैन ।

२०. **अधिकः**

(१) यस बीमालेख अन्तर्गत देहाय बमोजिमको अधिक लागू हुनेछः

(क) भूकम्प तथा पानीजन्य जोखिमबाट क्षति भएको बीमा गरिएको सम्पत्तिमध्ये भूकम्पले असर पुर्‍याएको सम्पत्तिको हकमा मात्र दाबी मूल्याङ्कन रकमको ५ प्रतिशत बरावरको रकम ।

(ख) अन्य कुनै पनि कारणबाट भएको क्षतिको हकमा दाबी मूल्याङ्कन रकमको १ प्रतिशत बराबरको रकम ।

**स्पष्टीकरणः** अधिक गणना गर्दा कुल दाबी रकममा नभई प्रत्येक बीमा गरिएको सम्पत्तिको लागि अलग अलग गणना गरी कुल रकम निर्धारण गरिनेछ ।

(२) पाँच हजार रुपैंयाभन्दा कम रकमको दाबी गर्न पाइने छैन ।

२१. **ऱ्हासः**

(१) क्षतिपूर्ति रकम निर्धारण गर्दा बीमकले ऱ्हासकट्टी गरी गणना गर्नेछ ।

तर, देहायको अवस्थामा बीमकले ऱ्हास कट्टी नगरी दाबी बापतको रकम भुक्तानी गर्नेछ ।

(क) मूल्याङ्कित बीमालेखमा

(ख) पुनर्स्थापना बीमालेखमा

(२) बीमा दाबी मूल्याङ्कन गर्ने प्रयोजनको लागि सम्पत्तिको ऱ्हास कट्टी देहाय अनुसार गरिनेछः

(क) भवनको हकमा बार्षिक २ प्रतिशतका दरले

(ख) औद्योगिक भवनको हकमा वार्षिक ५ प्रतिशतका दरले

(ग) मेसिनरी तथा औजारको हकमा वार्षिक १० प्रतिशतका दरले

(घ) अन्य सम्पत्तिको हकमा नियमानुसार ।

(३) ऱ्हास कट्टी गर्दा जुनसुकै अवस्थामा पनि बीमाङ्कको कुल पचास प्रतिशतभन्दा बढी हुने गरी ऱ्हास कट्टी गर्न पाइने छैन ।

२२. **बीमकको अधिकारः**

(१) बीमा गरिएको सम्पत्तिको क्षति भएमा बीमकले देहाय बमोजिम गर्न सक्नेछः

(क) क्षति भएको भवन वा परिसरमा प्रवेश गर्न वा कब्जामा लिन वा जिम्मा लिन, वा

(ख) क्षति भएको भवन वा परिसरभित्र रहेको बीमितको कुनै सम्पत्ति वा क्षति भएको सम्पत्ति आफ्नो कब्जामा लिन वा जिम्मा लिन, जाँचबुझ गर्न, छनौट गर्न, मिलान गर्न, हटाउन वा व्यवस्थापन गर्न, वा

(ग) क्षति भएको सम्पत्ति आफैंले वा सरोकारवालाको तर्फबाट बिक्री गर्न वा किनारा लगाउन ।

(२) बीमकले आफ्नो रोजाई अनुसार क्षति भएको सम्पत्ति वा त्यसको कुनै अंशको क्षतिपूर्ति स्वरूप मर्मत, बदली, सट्टा भर्ना वा नगद भुक्तानी गरिदिन सक्नेछ र उक्त काम बीमक आफैंले, अन्य कम्पनी मार्फत वा अन्य बीमकसंग मिली गर्न सक्नेछ ।

तर, निश्चित तरिकाले क्षतिपूर्ति दिने भनी तालिकामा तोकिएको अवस्थामा सोही तरिकाले क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ ।

(३) बीमकले बीमा गरिएको सम्पत्तिको बदली वा सट्टा भर्ना गर्दा दुरूस्त रूपमा गरिदिन बाध्य हुने छैन ।

तर, परिस्थिति अनुसार यथासम्भव दुरूस्त बनाउन प्रयत्न गर्नु बीमकको दायित्व हुनेछ ।

२३. **बीमितको दायित्वः**

(१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमितले पालना गर्नु पर्नेछ ।

(२) बीमकले आफ्नो अधीनमा लिएको वा नलिएको कुनै पनि सम्पत्ति बीमितले छाड्न वा परित्याग्न गर्न पाउने छैन ।

(३) बीमा गरिएको सम्पत्तिको बीमितले उचित स्याहार (स्ट्यान्डर्ड अफ केयर), मर्मत सम्भार गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानी अपनाउनु पर्नेछ ।

(४) दाबी छानबीन, अनुसन्धान वा सर्भेको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई बीमितले पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ ।

(५) बीमा गरिएको सम्पत्तिको जोखिममा बृद्धि भएको थाहा भएमा बीमितले बीमकलाई जानकारी गराउनु पर्नेछ ।

(६) दाबी यकिन गर्नका लागि आवश्यक प्रमाण बीमितले जुटाउनु पर्नेछ ।

२४. **बीमाङ्कको पुनर्स्थापनाः**

(१) बीमा अवधिमा प्रत्येक पटक दाबी परेपश्चात बाँकी अवधिको लागि बीमाङ्क रकम दाबी बराबरको रकमले स्वतः कम हुनेछ ।

(२) बीमितले बाँकी अवधिको लागि पूरा बीमाङ्क कायम राख्न चाहेमा दाबी बराबरको रकमको समानुपातिक रूपमा हुन आउने बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ र बीमकले तत्काल साविक बीमाङ्क रकम पुनर्स्थापना गरिदिनेछ ।

२५. **समय सीमाः** बीमालेखको अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा मध्यरात बाह्र बजे बीमालेख समाप्त हुनेछ ।

२६. **बीमालेख जारी गर्न नपाइने अवस्थाः** मोटर बीमालेख, सामुद्रिक बीमालेख, हवाई बीमालेख, इन्जिनीयरिङ्ग बीमालेख, कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख, नगद तथा मार्गस्थ बीमा र बैंकर्सको क्षतिपूर्ति बीमालेख लगायत विविध बीमा अन्तर्गत रक्षावरण हुने जोखिमको लागि यो बीमालेख जारी गर्न पाइने छैन ।

२७. **विवाद समाधानः**

(१) देहायको कुनै अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई ६ (छ) महिनाभित्र नेपाल बीमा प्राधिकरणमा उजुरी गर्न सक्नेछः

(क) बीमकले दाबी वापतको निवेदन लिन अस्वीकार गरेमा,

(ख) बीमकले दाबी वापतको रकम दिन अस्वीकार गरेमा, वा

(ग) बीमकले बीमितलाई दिन आँटेको दाबी बापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा, वा

(घ) बीमित वा बीमालेख धारक वा कानूनी हकवाला बाहेक अन्य पक्षलाई दाबी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(ङ) बीमा तथा दाबी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा ।

(२) नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा दिएको निर्णय चित्त नबुझेमा निर्णय प्राप्त भएको पैंतीस (३५) दिनभित्र बीमितले उच्च अदालतमा पुनरावेदनका लागि उजुरी दिन सक्नेछ ।

२८. **लिखितः**

(१) बीमक तथा बीमित बीच हुने कुनै पनि सूचना, पत्र, लेखापढी लिखित हुनेछ ।

(२) बीमालेखको एक प्रति बीमकले राखी एक प्रति बीमितलाई दिइनेछ ।

(३) बीमितले बीमालेख प्राप्त गरेको प्रमाण बीमकले बीमालेखको आफ्नो प्रतिसंगै सुरक्षित रूपमा राख्नेछ ।